नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
राजविराज भन्सार कार्यालय
तिलाठी कोईलाडी-१, बेल्ही सप्तरी

## पुराना जीर्ण भवन लिलाम विक्रीको लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित मितिः- २०८२/०१/०५ गते**

यस राजविराज भन्सार कार्यालयमा रहेका ७ (सात) वटा जीर्ण भवनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भत्काइ लैजान सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र कार्यालय समयमा बोलपत्र खरीद गरी २२औं (बाईसौं) दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक फर्म, संस्था वा कम्पनीलाई आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा कार्यालयको वेबसाइट **https://customs.gov.np/rajbiraj** र भन्सार विभागको वेवसाइट **https://customs.gov.np** मा प्रकाशित गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्न परेमा वा जीर्ण भवन हेर्न चाहेमा यस कार्यालयको आर्थिक प्रशासन (लेखा) शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ । लिलाम विक्री हुने भवनहरुको न्यूनतम् कायम मूल्य रु.३,६९,०४९.३७ (तीन लाख उनान्सत्तरी हजार उनन्चास पैसा सैतीस मात्र) रहेको व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरुः

१. यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२।०१।२५ गते) सम्म कार्यालय समयभित्र व्यक्ति/फर्म/कम्पनी/संस्थाले बोलपत्र फाराम खरिद गर्न सक्नेछन् ।

२. बोलपत्र फाराम खरिद गर्न तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) श्री प्रभु बैंक लिमिटेड, राजबिराज भन्सार काउन्टरमा राजबिराज भन्सार कार्यालयको कोड नं.३०५०३१५०१, राजश्व शिर्षक नं. १४२२९, अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरी सक्कल भौचर सहित व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म/कम्पनी/संस्थाहरुको हकमा आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, स्था.ले.नं. प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्र (नवीकरणसमेत भएको हुनु पर्ने) को प्रतिलिपि, कम्पनीको हकमा आ.व. २०८०।०८१ को कम्पनी अध्यावधिक पत्रको प्रतिलिपि संलग्न राखी रु.१० को टिकट टाँसी यस कार्यालयको आर्थिक प्रशासन शाखा (लेखा शाखा) मा निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. आफूले कबोल गरेको रकमको १०% हुन आउने रकम यस कार्यालयको नाममा प्रभू बैंक लिमिटेड, राजबिराज भन्सार कार्यालय काउन्टरमा रहेको धरौटी खाता नं.०६९०१२५९७०९०००२१ मा जम्मा गरी दोस्रोप्रति सक्कल बैंक भौचर बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ । बैंक भौचरको फोटोकपिलाई मान्यता दिईने छैन ।

५. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खाम बन्दी गरी उक्त खाममा सिलछाप लगाई बोलपत्र फाराम भएको खाममा बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।प्रचलित कानून बमोजिम रीत नपुगी पेश भएको, कार्यालय समयभित्र पेश नभएको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन ।

६. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको हो, सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट विक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ ।

७. खरिद गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले २२औं दिन २०८२।०१।२६ गते अपरान्ह १२:०० बजेसम्म (सो दिन सार्वजिनक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) यस कार्यालयको आर्थिक प्रशासन शाखामा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिउँसो १३:०० बजे बोलपत्रदाता र अन्य तोकिए बमोजिमका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

८. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराइनेछ । साथै राजबिराज भन्सार कार्यालयको वेवसाईट https://customs.gov.np/rajbiraj मा पनि हेर्न सकिनेछ ।

९. बोलपत्रउपर कारवाही भएपछि छनौट भएका बोलपत्रदाताले बुझाउनु पर्ने बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र माथि उल्लेखित प्रकरण नं.४ बमोजिमको धरौटी खातामा जम्मा गर्नु पर्नेछ । जम्मा नगरेमा धरौटी रकम जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो वा चौथो घटीवालाको कबोल अंक स्वीकृत गरिनेछ । समान कबोल अंक परेमा सबैभन्दा पहिले बोलपत्र पेश गर्नेको कबोल अंक स्वीकृत गरिनेछ ।

१०. बोलपत्र स्वीकृत भएको मितिले १ (एक) महिनाभित्र सकारकर्ताले भवनहरु भत्काई सम्पूर्ण सामानहरु हटाई उठाइ लैजानु पर्नेछ । उक्त भवनहरु भत्काउँदा कुनै पुरातात्विक महत्वका वस्तु फेला परेमा उक्त वस्तुहरु नेपाल सरकारको हुनेछ।

११. लिलामीमा राखिएका उक्त जीर्ण भवनहरु हेर्न चाहेमा बोलपत्र आव्हान भएको चौथो दिनबाट दिनको १२:०० बजेदेखि १४:०० बजेसम्म कार्यालय खुलेको दिनमा हेर्न र देखाउन सकिनेछ ।

१२. दर्ता भएका बोलपत्र छानविन लगायत स्वीकृत गर्ने वा नगर्ने वा पूनः लिलामको सूचना प्रकाशित गर्ने सम्बन्धी सम्पूर्ण अधिकार प्रचलित ऐन नियमको अधिनमा रही यस कार्यालयमा निहित रहनेछ ।

१३. यसमा उल्लेख भएवाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।